२०८० सालको कार्यविधि नं. ८

# हेटौंडा राजपत्र

हेटौंडा उपमहानगरपालिकाद्वारा प्रकाशित

खण्डः ७ | संख्याः ८ | मितिः२०८०।११।०४

## भाग- ३

**हेटौंडा उपमहानगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

## हेटौंडा उपमहानगरपालिका बाल अधिकार संरक्षण तथा सम्वर्धन सम्बन्धी कार्यविधि, २०८०

<u>**प्रस्तावना:**</u>हेटौंडा उपमहानगरपालिकामा बालबालिकाको हक, हित र अधिकारको सम्मान, संरक्षण, परिपूर्ति, पालना र सम्वर्धनका लागि नेपालको संविधान तथा कानूनमा भएका व्यवस्थाहरूको कार्यान्वयनगर्न तथा बालबालिकाको बचावट, संरक्षण, विकास तथा सहभागिताको अधिकार लगायत सर्वोत्तम हितको सुनिश्चितताका साथै बालमैत्री स्थानीय शासनको प्रवर्द्धन गर्न कार्यविधि निर्माण गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि तयार गरिएको छ।

हेटौंडा राजपत्र

## परिच्छेद १
## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>**(१) यो कार्यविधिको नाम "हेटौंडा उपमहानगरपालिका बाल अधिकार संरक्षण तथा सम्वर्द्धन कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ।

२. **<u>परिभाषा:</u>**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "प्रमुख"भन्नाले हेटौंडा उपमहानगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ।

(ख) "उप-प्रमुख"भन्नाले हेटौंडा उपमहानगरपालिकाको नगर उप-प्रमुख सम्झनु पर्छ।

(ग) "ऐन" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ सम्झनु पर्छ।

(घ) "नियमावली" भन्नाले बालबालिका सम्बन्धी नियमावली, २०७८ भन्ने सम्झनु पर्छ।

(ङ) "परिषद" भन्नाले राष्ट्रिय बाल अधिकार परिषद् सम्झनु पर्छ।

(च) "बालगृह" भन्नाले ऐनको दफा ५२ र नियमावलीको नियम ६२ बमोजिम स्थापना वा सञ्चालनमा रहेको बालगृह सम्झनु पर्छ ।

(छ) "बालबालिका" भन्नाले १८ बर्ष उमेर पूरा नभएका व्यक्ति सम्झनु पर्छ।

(ज) “बाल सञ्जाल“ भन्नाले बालक्लब वा संस्थाको सञ्जाल सम्झनु पर्छ ।

(झ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ।

(ञ) "विशेष संरक्षणका आवश्यकता भएका बालबालिका" भन्नाले ऐनको दफा ४८ बमोजिमका बालबालिका भन्ने सम्झनु पर्छ।

(ट) “समाजसेवी वा मनोविज्ञ” भन्नाले ऐनको दफा ६२ बमोजिम स्थानीय तहमा नियुक्त समाजसेवी, बाल मनोविज्ञ एवम् सामाजिक कार्य तथा मनोविज्ञान सम्बन्धमा तालिम प्राप्त गरी स्थानीय तहमाबालबालिकालाई सेवा दिने उद्देश्यले सूचीकृत व्यक्ति एवम् सो सम्बन्धमा विशेषज्ञता प्राप्त सूचीकृत संस्थालाई समेत सम्झनु पर्छ ।

(ठ) "बाल अधिकार समिति" भन्नाले हेटौंडा उपमहानगरपालिकामा गठित बाल अधिकार समितिसम्झनु पर्छ।

(ड) "बाल कल्याण अधिकारी" भन्नाले हेटौंडा उपमहानगरपालिकाको बालबालिका सम्बन्धी ऐन, २०७७ को दफा ८ बमोजिम तोकिएको बालकल्याण अधिकारी सम्झनुपर्छ ।

(ढ) "संस्था" भन्नाले बाल अधिकार संरक्षण र सम्बर्द्धनका लागि प्रचलित कानून बमोजिम दर्ता भई कार्यक्रम सञ्चालन गरिरहेका संघ/संस्था, संगठन तथा सामुदायिक संस्थाहरुलाई सम्झनु पर्छ ।

(ण) "सेवा प्रदायक निकाय" भन्नाले स्थानीय तहमा तहमा सेवा प्रवाह गरिरहेको सरकारी कार्यालय, स्वास्थ्य चौकी,विद्यालय श्रोत केन्द्र, प्रहरी चौकी तथा यस्ता अन्य निकायहरूलाई सम्झनुपर्छ ।

## परिच्छेद २

## उद्देश्य

३. **उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छः-

(क) स्थानीय तहमा बाल अधिकारको संरक्षण, प्रचलन तथा प्रवर्द्धन गर्ने, र

(ख) बालबालिकासँग सम्बन्धित कार्य सम्पादनमा सहजता ल्याउने।

## परिच्छेद ३

## बाल अधिकारको संरक्षण, प्रचलन तथा सम्वर्धन गर्ने र दायित्व निर्वाहको व्यवस्था

४. **बाल अधिकारको संरक्षणः**हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्रका बालबालिकाका अधिकारहरूको संरक्षण, प्रचलन तथा सम्वर्धनका लागि ऐनको दफा ६४ र ६५तथा बालबालिकाप्रतिको दायित्व निर्वाह गर्न दफा १७, १८ र १९ एवम् बालबालिकाको कर्तव्य परिपालनाका लागि दफा ७७ बमोजिम गरिनेछ ।

५. **बाल अधिकारको संरक्षण र सम्वर्धनमा आवश्यक सेवाप्रवाहको व्यवस्थाः**

(क) हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्रकासबै किसिमका बालबालिकाको जन्मदर्ता तथा नागरिकता प्रमाणपत्र पाउने अधिकार सुनिश्चितताका लागि सरल र उपयुक्त उपायहरू अपनाइनेछ ।

(ख) नवजात शिशु, शिशु र बालबालिकाका लागि आवश्यक सबै किसिमका खोपहरू, स्वास्थ्य सेवा, पोषणसँग सम्बन्धित सेवासुविधा र आवश्यक भौतिक पूर्वाधारको व्यवस्था, उपकरण र औषधिहरू उपलब्ध गराउने, सेवा प्रवाह प्रभावकारी र बालमैत्री भएनभएको अनुगमन गर्ने गराउने कार्यहरू गरी बालबालिकाको स्वास्थ्य पाउने अधिकार सुनिश्चित गर्ने व्यवस्था गरिनेछ।

(ग) प्रत्येक विद्यालयमा बालमैत्री भौतिक संरचनाको व्यवस्था (सुरक्षित पर्खाल वा घेराबार सहित), कुनै पनि किसिमका विभेद, अवहेलना, हेपाइ, हिंसा, दुर्व्यवहार, पत्रुखाना लगायतका कार्यहरु निषेध गर्ने एवम् लैङ्गिकमैत्री शौचालय, पर्याप्त खानेपानी र सरसफाई, महिनावारी प्याड तथा प्रारम्भिक उपचार बाकस, नियमित र बालमैत्री पठनपाठन, खेल मैदान र सबै अवस्थाका विद्यार्थीमैत्री खेलकुद र सामानको व्यवस्था गराइनेछ ।

(घ) हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्रकासबै किसिमका बालबालिकालाई प्रारम्भिक बालविकास केन्द्र र विद्यालयमा भर्ना गर्ने व्यवस्था गरिनेछ ।

(ङ) प्रत्येक विद्यालयमा विद्यार्थीलाई प्रदान गरिने छात्रवृत्तिहरूको अनुगमन गरिनेछ ।

(च) प्रत्येक वडामा बाल पुस्तकालय, बाल सृजना केन्द्र र खेलकुदको व्यवस्था गरिनेछ।

(छ) कुनैपनि विद्यालयको २०० मिटरको दुरीभित्र मदिरा, चुरोट तथा सुर्तिजन्य लगायतका सामग्री बिक्री वितरण र उपभोग गर्न तथा चलचित्र, मादक पदार्थ, चुरोट, रक्सी तथा अश्लील साहित्यसँग सम्बन्धित सामग्री प्रचारप्रसार गर्न लगायत १८ वर्षभन्दा कम उमेरका बालबालिकालाई उक्त सामग्रीको वितरण तथा प्रयोग गर्न निषेध गरिनेछ।

(ज) प्रत्येक विद्यालयमा विद्यार्थी, शिक्षक लगायत अन्य सरोकारवालाका लागि आचारसंहिता बनाई सहज देखिने गरी राखे र सोबमोजिम लागू गरिनेछ।

(झ) बालबालिकाविरूद्ध हुने कुनै पनि किसिमका शोषण, हिंसा, दुर्व्यवहार, हेपाइ, अपहेलना लगायत बालविवाह, बालश्रमरोकथाम र अन्त्य गर्न, बाबुआमाविहीन र जोखिम अवस्थामा परेका बालबालिकाको संरक्षण सुनिश्चित गर्न र उजुरीको तत्काल कार्वाहीको लागि संस्थागत तहमा बाल संरक्षण मापदण्ड निर्माण गरी लागू गर्ने अनिवार्य व्यवस्थाको लागि हेटौंडा उपमहानगरपालिकाले सहजीकरण गर्नेछ।

(ञ) हेटौंडा उपमहानगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरूलाई बाल अधिकार तथा बालमैत्री व्यवहार र बालमैत्री शासन अभ्यास सम्बन्धी प्रशिक्षण प्रदान गरिनेछ।

(ट) हेटौंडा उपमहानगरपालिकाको आवधिक तथा वार्षिक योजना तर्जुमा प्रकृयामा बाल सहभागितालाई प्रोत्साहन गरी उक्त योजनामा बालबालिकासँग सम्बन्धित कार्यक्रमहरूलाई प्राथमिकताका साथ समावेश गरिनेछ।

(ठ) जोखिममा रहेका बालबालिकाको तत्काल उद्दार, संरक्षण तथा व्यवस्थापनका लागि बाल हेल्पलाइन नं. १०९८ तथा हराएका, वेवारिस फेला परेका बालबालिकाको सकुशल उद्दार तथा व्यवस्थापनका लागि बालबालिका खोजतलास समन्वय केन्द्रनं. १०४ सँग समन्वय तथा सहकार्य गरिनेछ।

(ड) हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्रका सबै किसिमका बालबालिकाको जनसांख्यिक, जातजाति, लैङ्गिक, अपाङ्गता, शैक्षिक, छात्रवृत्ति, सामाजिक सुरक्षा सहयोग, बाबुआमाविहीन, जोखिम अवस्थामा परेका, स्वास्थ्य र पोषण, एचआइभी प्रभावित लगायतकोस्थितिबारे खण्डीकृत सूचनाको व्यवस्थित अभिलेखन गरिनेछ।

६. **<u>बालबालिकाको सर्वोत्तम हित कायम गर्नुपर्ने:</u>**हेटौंडा उपमहानगरपालिकाले प्रत्येक निकाय, बाल कल्याण अधिकारी, समाजसेवी, सामाजिक संघ संस्था तथा सेवा प्रदायक निकायहरुले बालबालिकाको निम्ति काम गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनुपर्नेछ।

७. **<u>बालमैत्री संरचना तथा अभ्यासको सुनिश्चितता:</u>**बालबालिका रहने वा बालबालिकालाई सेवा प्रदान गर्ने पालिका भित्रका सबै सार्वजनिक निकाय, सामाजिक संघसंस्था तथा निजी संस्थाले भौतिक संरचना निर्माण वा मर्मत सम्भार गर्दा बालमैत्री हुने गरी व्यवस्था मिलाइनेछ।

८. **<u>बालबालिकाको वैकल्पिक हेरचाहको प्रबन्ध</u>:**(१) हेटौंडा उपमहानगरपालिकाभित्र फेला परेका विशेष संरक्षणका आवश्यकता भएका बालबालिकामध्येऐनको दफा ४८ को उपदफा (१) को खण्ड (क), (ख), (ग), (घ), (ङ), (च) र (छ) बमोजिमका बालबालिकालाई वैकल्पिक हेरचाहको आवश्यकता भएमा उक्त बालबालिकालाई संरक्षण गर्ने प्रयोजनका लागि ऐनको दफा ४९ (२) को खण्ड (क), (ख) र (ग) बमोजिम एवम् बालबालिका सम्बन्धी नियमावली, २०७८ को परिच्छेद ६ को नियम ५३ देखि ६१ सम्मको व्यवस्था बमोजिम गरिनेछ ।तर, यस्तो व्यवस्था हुन नसक्ने अवस्था भएमा नजिकको पालिका वा प्रदेशमा सञ्चालनमा रहेका बालगृहमा अल्पकालीन संरक्षणका लागि सिफारिस गरिनेछ।

## परिच्छेद - ४
## वैकल्पिक हेरचाहको व्यवस्था

९. **वैकल्पिक हेरचाहको व्यवस्था:**(१) ऐनको दफा ४८ को उपदफा (१) को खण्ड (क), (ख), (ग),(घ), (ङ), (च) र (छ) एवम् दफा ६९ बमोजिम तत्काल उद्धार तथा संरक्षण गर्न आवश्यक देखिएका बालबालिकालाईबाल अधिकार समितिले वैकल्पिक हेरचाहको व्यवस्था मिलाउनेछ।

(२) बालबालिकाको वैकल्पिक हेरचाहको व्यवस्था बालबालिका सम्बन्धी नियमावली, २०७८ को परिच्छेद-६ को नियम ५३, ५४, ५५, ५६, ५७, ५८, ६० र ६१ बमोजिम गरिनेछ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि हेटौंडा उपमहानगपालिकाले आफै संरक्षक भई वैकल्पिक हेरचाह गरिरहेको बालबालिकालाई अनुसूची-१ बमोजिमको मापदण्डमा तोकिएको अंकभारमा अधिकतम अंक प्राप्त गर्ने सूचीकृत व्यक्ति, परिवार तथा संस्थालाई बाल अधिकार समितिको निर्णय बमोजिम वैकल्पिक हेरचाहको व्यवस्था मिलाइनेछ ।

## परिच्छेद - ५
## बाल सहभागिता

१०. **बाल सहभागिताको अभ्यास:** (१) उपमहानगरपालिकाले आफ्नो धारणा बनाउन सक्षम भएका बालबालिकालाई उनीहरूलाई असर पार्ने विषयमा परिवार, समुदाय, विद्यालय तथ सार्वजनिक निकायबाट सम्पादन गरिने कार्यहरूको प्रक्रियामा बाल सहभागिताको अभ्यासलाई प्रवर्द्धन गरिनेछ। उपमहानगरपालिकाको आवधिक र वार्षिक योजना तर्जुमा लगायत बालबालिकासँग सम्बन्धित कार्यक्रमहरूमा सबै किसिमका बालबालिकाको (बालक, बालिका, सबै किसिमका अपाङ्गता, यौनिक अल्पसंख्यक आदि) सहभागिता सुनिश्चित गरिनेछ।

(२) बाल सहभागिता प्रवर्धनका लागि हेटौंडा उपमहानगरपालिकाबाट देहायका उपायहरू समेत अवलम्वन गरिनेछः

(क) बालबालिकासँग सम्बन्धित सरोकारका विषयमा कानूनले निषेध गरेको बाहेक उनीहरूले माग गरेको सूचना निःशुल्क प्रदान गरिनेछ।

(ख) हेटौंडा उपमहानगरपालिकाभित्र विद्यालयहरूबीच तथा वडाहरूबीच अतिरिक्त क्रियाकलापहरू (खेलकुद, साहित्य, गीत, संगीत, वक्तृत्वकला, चित्रकला, आदि) विविध किसिमका अपाङ्गता भएका बालबालिका समेतलाई उपयुक्त हुनेगरी पालिका स्तरमा प्रतिस्पर्धात्मक कार्यक्रमको आयोजना गरी बाल सहभागितालाई प्रोत्साहन गरिनेछ ।

(३) हेटौंडा उपमहानगरपालिकाले बाल सहभागिता प्रवर्धनका नाममा व्यक्ति, संस्था वा सार्वजनिक निकायले देहायका कार्यहरू गर्नमा रोक लगाउनेछः-

(क) बालबालिकाको अध्ययनमा नियमित रूपमा बाधा तथा अवरोध पुग्ने गरी कार्यक्रम सञ्चालन गर्ने वा सहभागी गराइनेछैन।

(ख) बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, आध्यात्मिक, सामाजिक विकासमा असर पुर्याउने खालका कुनै पनि गतिविधि वा कार्यमा बालबालिकालाई संलग्न गराउने कार्यमा रोक लगाइनेछ।

(ग) बालबालिकालाई आमाबाबु, संरक्षक, विद्यालय लगायत कुनै पनि सरकारी निकाय वा गैरसरकारी संस्थाले बालबालिकाको हित विपरित र्‍याली, जुलुस, सभा आदिमा सहभागी गराउने कार्यलाई निरूत्साहित गरिनेछ।

(घ) विद्यालय लगायतका सरकारी निकाय वा गैरसरकारी संस्थाले कानून वा विधान बमोजिम आफूले गर्नुपर्ने काम बालबालिका वा बालक्लब वा संस्था वा तिनको सञ्जाल मार्फत गराउने कार्यलाई निरूत्साहित गरिनेछ।

(ङ) परम्परागत हानिकारक अभ्यास गर्न वा सो अभ्यासमा सहभागी गराउने कार्यलाई निषेध गरिनेछ।

## परिच्छेद-६
## विविध

११. **प्रोत्साहन पुरस्कारको व्यवस्थाः** बाल अधिकारको संरक्षण तथा सम्वर्धन कार्यमा उल्लेखनीय योगदान दिने व्यक्ति, बालक्लब, सञ्जाल तथा संघसंस्थालाई पालिकाले उचित पुरस्कार प्रदान गर्न सक्नेछ।

१२. **कार्यविधिको व्याख्या गर्ने वा वाधा अड्काउ फुकाउने अधिकारः** कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा हुन गएमा सोको व्याख्या वा बाधा अड्काउ फुकाउने अधिकार नगर कार्यपालिकालाई हुनेछ।

१३. **संशोधन गर्न सकिनेः** यस कार्यविधिलाई नगर कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ।

१४. **खारेजी र बचाउः** बालबालिका सम्बन्धी प्रचलित नेपाल सरकार तथा प्रदेश सरकारको कानूनसँगयो कार्यविधि बाझिन गएमा बाझिएको हदसम्म यो कार्यविधि अमान्य हुनेछ र नेपाल सरकार तथा प्रदेश सरकारको कानूनमा भएको व्यवस्था मान्य हुनेछ।

१५. **यसै कार्यविधि बमोजिम भए गरेको मानिनेः**उपमहानगरपालिकाले यो कार्यविधि लागू हुनुभन्दा अघि गरेका बालबालिका सम्बन्धी कार्यहरू यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ। यस कार्यविधिमा उल्लेख नभएका प्रक्रियाहरू अवलम्वन गर्दा बालबालिका सम्बन्धी प्रचलित नेपाल सरकार तथा प्रदेश सरकारको कानूनमा भएको बाल अधिकार संरक्षण र सम्बर्धन प्रक्रियाहरू अवलम्वन गर्न कुनै बाधा पर्ने छैन।

## अनुसूची-१

**(दफा ९ को उपदफा (३) सँग सम्बन्धित)**

**<u>बालबालिकाको वैकल्पिक हेरचाह सम्बन्धी मापदण्ड</u>**

| सि.नं. | मापदण्ड | अंकभार | कैफियत |
|---|---|---|---|
| १ | परिवारको आर्थिक क्षमता (वार्षिक आम्दानी रु.१० लाख भन्दा बढी भएमा २५, रु.५-१० लाखसम्म भएमा २० र ५ लाख भन्दा कम भएमा १० अंक दिने) | २५ | |
| २ | पारिवारिक सौहार्दता/सामाजिक प्रतिष्ठा | ५ | |
| ३ | घरेलु हिंसा, बालबालिका विरुद्धको कसूर तथा नैतिकपतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी नठहरिएको | १० | |
| ४ | **मान्यता प्राप्त चिकित्सकबाट देहायको सिफारिस प्राप्त गरेको** | | |
| (क) | शारीरिक र मानसिक रुपमा बालबालिकालाई हेरचाह गर्न सक्षम भएको | ५ | |
| (ख) | दीर्घकालिन उपचार गर्नुपर्ने वा सरुवा रोगबाट सङ्क्रमित नभएको | ५ | |
| (ग) | लागू पदार्थ दुर्व्यसन वा अन्य कुलतमा नफसेको | ५ | |
| ५ | विवाह भएको दश वर्षसम्म पनि सन्तान नभएको (दश वर्ष नाघेकोलाई २५, ५-९ वर्षकोलाई १५, ५ भन्दा कम भएमा ५ अंक दिने) | २५ | |
| ६ | वैकल्पिक हेरचाहको लागि बालबालिका लिनेको उमेर वीचको फरक कम्तीमा २५ वर्षको भएमा | १० | |
| ७ | वतन (उपमहानगरपालिकाको भए १०, मकवानपुर जिल्ला भित्रको भए ७, अन्यत्रको भए ५) | १० | |

**नोटः** सूचीकृत व्यक्ति तथा दम्पत्तीले समान अंक प्राप्त गरेमा देहाय बमोजिम हुनेछः

(क) ४५ वर्ष नाघेको

(ख) दम्पत्ती

हेटौंडा राजपत्र

**<u>आज्ञाले</u>**
**शिवराज चौलागाई**
**प्रमुख प्रशासकीय अधिकृत**